# शहिद लखन गाउँपालिका

# बालि बिमा सहयोग कार्यक्रम संचालन कार्यविधी

२०७६

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# बाली बिमा सहयोग कार्यक्रम संचालन कार्यबिधि, २०७६

**प्रस्ताबना** : कृषकहरुले गरेको खेतिलाई बिभिन्न जोखिमहरु बाट पर्न जाने क्षतिको सुनिश्चित गरी कृषकहरुलाई कृषि पेशामा आकर्षण गराई उत्पादन बृद्धि गर्नको लागि यो बाली बिमा कार्यक्रम संचालन कार्यबिधि २०७६ निर्माण गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यबिधिको नाम**"बाली बिमा सहयोग कार्यक्रम संचालन कार्याबिधि २०७६"** रहनेछ ।

ख) यो कार्यविधि शहिद लखन गाउँपालिका, गाँउ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२. परिभाषा:

क) **"बिमा"** भन्नाले कृषक र बाली बिमा कम्पनी द्वारा सम्झौता गरिएको निश्चित बालीको बिमा सम्बन्धी सम्झौता सम्झनु पर्दछ ।

ख) **"बाली"** भन्नाले कृषकले आफ्नो खेत बारीमा रोपेको खडा बालीलाई जनाउँदछ ।

## परिच्छेद ३
## उद्देश्य

३.कार्यक्रमका उद्देश्यहरु :

कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

क) कृषकहरुले लगाएको बालीको आंशिक जोखिम न्यूनीकरण गर्ने ।
ख) बालीनालीको क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।
ग) व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आर्कषण गर्ने ।

## परिच्छेद ४
## छनौट समिति

४. छनौट समिति: छनौट समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) योजना शाखा प्रमुख | सदस्य |

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैरुङ, गोरखा २०७३

२०७६/०८/१८

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

घ) पशु सेवा शाखा प्रमुख — सदस्य
ङ) कृषि शाखा प्रमुख — सदस्य सचिव

**५. छनौट समितिको काम, कर्तव्य र अधिकार:**

छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,
ख) लाभग्राहीको छनौट गर्ने,
ग) कार्यान्वयनको अवस्था अनुगमन गर्ने

## परिच्छेद ५
## कार्यक्रम संचालन

**६.कार्यक्रम संचालन प्रक्रिया**

क) कार्यक्रम संचालन गर्न गाउँ कार्यपालिकाको कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।
ख) गाउँपालिका भित्र कुनैपनि कृषकले आफ्नो कृषि बालीको बिमा सम्बन्धीत बिमा कम्पनीसँग सम्झौता गर्नु पर्नेछ ।
ग) सम्झौता गरी कृषकहरुले बिमाङ्क तिरेको रसिदको फोटोकपी र निबेदन दिई अनुदान माग गर्न सक्नेछ ।
घ) भुक्तानी माग भई आई सकेपछि स्थलगत निरीक्षण गरी सम्बन्धित वडा र कृषि शाखाको सिफारिस लिई नियमानुसार प्रक्रिया अगाडि बढाई बिमाङ्क तिरेको रसिदको आधारमा २५ प्रतिशत सम्म अनुदान रकम कृषक, समूह र संस्थालाई प्रदान गरिनेछ ।
ङ) कार्यक्रम संचालनको क्रममा केही बिबाद उत्पन्न भएमा कृषि कार्यक्रम छनौट समितिको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**७. अनुगमन :** संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखाले गर्न सक्नेछ ।

**८. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**९. बाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कृषि कार्यक्रम छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१०. संशोधन :** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थप घट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरुङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

मिति:२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नाम: जीवन बहादुर आले मगर

पद: प्रमुख प्रशासकीय अधिकृत

दस्तखत: २०७६।०५।१९

प्रमाणिकरण मिति: २०७६।०५।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैलङ, गोरखा
२०७३